# मध्यपश्चिम क्षेत्रीय संग्रहालयः एक सङ्क्षिप्त अध्ययन

बेन्जु श्रेष्ठ

**सार**

*विश्वमा संग्रहालयको औपचारिक इतिहास सत्रौं शताब्दीदेखि भएता पनि नेपालमा उन्नाइसौं शताब्दीको अन्ततिरबाट मात्र भएको हो। सङ्ग्रहालय विकासको सिलसिलामा विविधतायुक्त भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक परिवेश भएको नेपालका विविध बिषयवस्तुहरूको सङ्रक्षण र संम्वर्धन गर्ने उद्देश्यले केन्द्रमा राष्ट्रिय र काठमाण्डौं उपत्यकाका अन्य विभिन्न सङ्ग्रहालयहरूका अलवा प्रत्येक क्षेत्रमा एकेक क्षेत्रीय सङ्ग्रहालय स्थापना गर्ने सरकारी नीति अनुरूप २०४६ सालमा स्थापित मध्य पशिचमाञ्चल क्षेत्रीय सङ्ग्रहालय सुर्खेत राजनीतिक अस्थिरता र सरकारी उदासिनताका कारण जन्मकाल देखि नै उचित स्याहार सुसारबाट प्रायःबन्चित रहेको छ। सङ्ग्रहालयको सामान्य जानकारी प्रदान बाहेक यसबाट त्यतिधेरै उल्लेखनीय काम काज हुन सकेका छैनन्। स्थलगत अध्ययन अवलोकन र कर्मचारीहरूसँगको अन्तरक्रियाको आधारमा विश्लेषण गर्दा सरकारको स्पष्ट नीति तथा त्यसको सही कार्यान्वयन र पर्याप्त आर्थिक सहयोग उपलब्ध हुन सके यो सङ्ग्रहालय यस क्षेत्रका महत्त्वपूर्ण ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक वैभवको संरक्षण केन्द्र र तिनीहरूको अध्ययन अनुसन्धानको एक महत्त्वपूर्ण स्रोतको रूपमा विकसित हुन सक्ने सम्भावना राख्दछ।*

**प्रमुख शब्दहरू :** खुला पुस्तकालय, जनजाति पहिचान, दुर्लभ वस्तुहरू, सास्कृतिक वैभव, क्षेत्रीय सङ्ग्रहालय।

## परिचय

शाव्दिक रूपमा हेर्दा सङ्ग्रह शब्दमा आलय प्रत्यय लागेर सङ्ग्रहालय बनेको छ। जसको अर्थ सङ्ग्रह गरिने स्थान भन्ने हुन्छ। अंग्रेजीमा यसलाई Museum भनिन्छ। यो शव्द ग्रीक भाषाको muse बाट बनेको मानिन्छ। ग्रीकमा muse को अर्थ ज्ञानकी देवी भन्ने हुन्छ। यसर्थ Museum अर्थात सङ्ग्रहालय भनेको ज्ञानको मन्दिर हुन आउँछ (गिरी, २०६०, खतिवडा, २०६४)। अलि बिस्तारमा भन्नु पर्दा यसको अर्थ इतिहास, संस्कृति, धर्म र आस्था, कला, वास्तुकला, प्राचीन पुरातात्विक वस्तुहरू, सामाजिक जीवनको झलक आदि सम्बन्धी वस्तुहरू सङ्कलन गर्नु, पहिचान गर्नु, अभिलेख राख्नु, संरक्षण र सम्वर्द्धन गर्नु, प्रदर्शन गर्नु, ज्ञानका लागि प्रचार प्रसार गर्नु, अनुसन्धान तथा प्रकाशन गर्नु जस्ता कार्यहरू सम्पन्न गर्ने जिम्मेवार संस्था नै सङ्ग्रहालय हो। आज सङ्ग्रहालय एक शैक्षिक संस्थाको रूपमा पनि परिचित छ। विशेष गरेर दुर्लभ एवम् महत्वपूर्ण कलावस्तु ऐतिहासिक महत्वका सामग्री वा प्रकृतिप्रदत्त वस्तुहरू सङ्ग्रह, संरक्षण, प्रदर्शन एवं अवलोकन स्थल भएकोले सङ्ग्रहालयलाई एक मनोरन्जनात्मक ढङ्गले ज्ञान आर्जन गर्न सकिने खुल्ला पुस्तकालय भन्दा अतिसयुक्ति हुँदैन (खतिवडा,२०६४)।

### सङ्ग्रहालयको इतिहास

कुनै पनि बस्तुको निर्माण, विकास र अस्तित्वसँग एउटा लामो र निरन्तर प्रक्रिया जोडिएको हुन्छ। त्यसैले कुनै समाजको कला, संस्कृति, शिक्षा, सभ्यता, धर्म आदिको मापन गर्ने थलोको रूपमा विकसित सङ्ग्रहालयको अस्थित्वमा पनि थुप्रै, आरोह अवरोह, श्रम, लगानी, सोचचिन्तन, सिद्धान्त, प्रयोग, परिमार्जन जस्ता प्रक्रियाहरू समाविष्ट भएका हुन्छन्। यसको प्राचीन इतिहासलाई हेर्दा, सैद्धान्तिक रूपमा सङ्ग्रहालयको संस्थागत सुरुवात सत्रौँ शताव्दीमा वेलायतबाट भएको मानिएता पनि मनोरन्जनका लागि आफ्नो रुचीका पुराना वस्तुहरूको सङ्ग्रह गरी राख्ने काम मिश्रका शासक रेमसेज द्वितीयले ईशापूर्व तेह्रौं शताव्दीमा गरेका थिए। यस्तै प्रयोजनका लागि पुराना वस्तुहरू सङ्ग्रह गर्ने इशापूर्व छैटौं शताब्दीका मेसोपोटामियाली शासक नवोनिदस पनि थिए। इशापूर्व दोस्रो शताव्दीतिर टोलेमीले आफ्नो शासन कालमा मिश्रको अलेक्जेन्ड्रियामा यस्तै वस्तुहरूको सङ्ग्रह गरेका थिए। त्यतिखेर यी वस्तुहरूको सङ्ग्रह गर्ने काम केवल व्यक्तिगत शोखका लागि मात्र गरिएका थिए तर सोह्रौं/सत्रौं शताब्दीतिर युरोपमा आएको पुनर्जागरण अभियानले प्राचिन वस्तुहरूको सङ्कलन गर्ने र सङ्कलित वस्तुहरू सर्वसाधारणलाई देखाउने प्रचलनको सुरुवात भयो। साथै ती सङ्कलित वस्तुहरूका बारेमा लेख्ने र प्रकाशन गर्ने कार्यको समेत थालनी पनि भयो (खत्री, दाहाल, २०४८)।

सत्रौँ शताव्दीतिर वेलायती प्रकृतिविद John Tradescant the Elder र उनका छोरा John Tradescant the younger धेरै ठाउँमा घुमेर सङ्कलन गरिएका वस्तुहरूलाई आफ्नै घरमा राखी शुल्क लिएर सर्वसाधारणलाई देखाउने गर्दथे । उनीहरूको मृत्युपछि सन १६६२मा The Ark नाम दिइएको सो सङ्ग्रहालय Elias Ashmole मार्फत Oxford Unversity लाई प्रदान गरियो (श्रेष्ठ,२०६२) । सन १६६३ मा उक्त सङ्ग्रहालयलाई विधिवत Ashmolean सङ्ग्रहालयको रूपमा स्थापना गरियो जसलाई विश्वकै पहिलो सार्वजनिक सङ्ग्रहालयको रूपमा लिने गरिन्छ । उनाइसौँ तथा बीसौँ शताब्दीमा आएर मात्र सङ्ग्रहालय शब्दको प्रयोग सांस्कृतिक वस्तुहरू व्यवस्थित गरिएको र सर्वसाधारणका लागि खुल्ला गरिएको भवन भन्ने अर्थमा गर्न थालियो । खास गरी पहिलो विश्व युद्ध समाप्ति पश्चात् १९१८ तिर पुननिर्माणको समयमा युद्धमा प्रयोग भएका बहुमूल्य वस्तु एवं कलाकृतिहरू जम्मा गरी वैज्ञानिक ढङ्गले व्यवस्थित गर्ने, प्रर्दशन गर्ने, सङ्कलित वस्तुहरूको संरक्षण गर्ने, प्रचार प्रसार गर्ने र यी सबै कामका लागि आवश्यक जनशक्ति निर्माण गर्न नयाँ र वैज्ञानिक ढङ्गले सङ्ग्रहालयको विकास गर्नु पर्छ भन्ने धारणाको विकास भयो । फलस्वरूप आज सङ्ग्रहालय एक प्रतिष्ठित संस्थाको रूपमा विकास हुन पुग्यो (दाहाल, खतिवडा, २०६५) ।

**नेपालमा सङ्ग्रहालयको विकास**

नेपालमा सङ्ग्रहालयको विकास बारे स्पष्ट ऐतिहासिक जानकारी दिने सामाग्रीहरूको अभाव नै छ । साथै सङ्ग्रहालयको इतिहास त्यति लामो पनि छैन । खास गरी प्राचीन र मध्यकालसम्म सङ्ग्रहालयको विधिवत स्थापना भई विकास भएको प्रमाण दिने कुनै स्रोतहरू प्राप्त छैनन् । तर पनि प्राचीन तथा मध्यकालका राजा महाराजाहरूमा प्राचीन पुरातात्विक वस्तुहरू जस्तै चित्र, मूर्ति, ग्रन्थ, भेषभूषा, गरगहना, औजार, भाँडाकुडा आदि सङ्ग्रह गर्ने र मठ मन्दिर विहारहरूमा सजाएर राख्ने शौख पक्कै थियो भन्ने अनुमान गर्न सकिन्छ । यो कुरा काठमाण्डौ उपत्यकामा मल्ल शासकहरूको पतन पश्चात उनीहरूका दरवारहरूमा तत्कालीन मठ मन्दिर तथा विहारहरूमा राखिएका बहुमूल्य वस्तुहरू पुराना र दुर्लभ सामग्रीहरू, हस्तलिखित महत्वपूर्ण ग्रन्थहरू, विभिन्न वस्तुहरूबाट बनेका मूर्तिहरू, ताम्रपत्रहरू, भित्तेचित्रहरू, अभिलेखहरू आदिबाट पुष्टि हुन आउँछ (पुरी,२०६३) । एकीकरण पश्चात यिनै मध्यकालिन दरबार मठ मन्दिरहरू संरक्षण गरिनाले आधुनिक कालमा आएर सङ्ग्रहालयको रूपमा स्थापित हुन पुगेको देखिन्छ । सर्वप्रथम वि.स.१८७६मा तत्कालीन प्रधानमन्त्री भीमसेन थापाले आफ्नो निवासमा छाउनी सिलखानाको स्थापना गरी आधुनिक सङ्ग्रहालयको शुभारम्भ गरेका थिए । पछि त्यहा प्राचीन वस्तुहरू स्वदेशी तथा बिदेशी हातहतियारहरू सङ्ग्रह गरिदै गए भने राणाकालमा आएर अँझ बिस्तार गर्ने काम समेत भयो । चन्द्र शमशेरले दुईवटा भवन थप गरी त्यसलाई सिलखाना म्यूजियम नामाकरण गरे भने जुद्धशमशेरले वि.स.१९९४ बैशाख ५ गतेदेखि यसलाई नेपाल म्यूजियम नाम दिए । साथै सोही दिनदेखि ४ पैसा शुल्क लिई सर्वसाधारणका लागि खुला गर्ने व्यवस्था मिलाए । हाल यसलाई राष्ट्रिय सङ्ग्रहालयको नामले चिनिन्छ (श्रेष्ठ, २०६२) ।

२००७ सालको राजनैतिक परिवर्तनले सङ्ग्रहालयको विकासमा पनि सकारात्मक प्रभाव पारेको देखिन्छ । जसको परिणाम वि.सं.२००९ सालमा पुरातत्त्व विभाग स्थापना भई २०१३ सालदेखि नेपाल म्यूजियम यस विभाग अन्तरगत एउटा शाखाको रूपमा रहन गयो । तत्कालीन राजा श्री ५ महेन्द्रले उपत्यकाका तिन वटै सहरहरूमा तीनवटा मध्यकालीन दरवारहरूलाई सङ्ग्रहालयको रूपमा परिणत गर्ने कार्य गरेका थिए । काठमाण्डौको हनुमानढोका दरबार मुद्रा सङ्ग्रहालय, पाटन दरवारलाई ढलौट सङ्ग्रहालय र भक्तपुर दरवारलाई चित्रकला सङ्ग्रहालयको रूपमा वर्गीकरण गर्ने काम गरिएको थियो । २०१९ सालमा पूरातात्विक वस्तुहरूलाई संरक्षण गर्ने उद्देश्यले कपिलवस्तुमा एक पुरातात्विक क्षेत्रीय सङ्ग्रहालयको स्थापना, २०२४ सालमा भक्तपुरमा काष्ठकला सङ्ग्रहालय र २०२५ सालमा हनुमानढोका दरवारमा त्रिभुवन स्मृति सङ्ग्रहालयको स्थापना नै नेपालमा सङ्ग्रहालय विकासका महत्त्वपूर्ण कडीहरू मान्न सकिन्छ (कार्की, २०६५) ।

**क्षेत्रीय सङ्ग्रहालयको अवधारणा**

नेपालमा औपचारिक रूपले क्षेत्रीय सङ्ग्रहालयको अवधारणा पाँच विकास क्षेत्रको अवधारणा सँगै विकास भएको देखिन्छ । नेपाललाई पाँच विकास क्षेत्रको विभाजनले राजनीतिक, प्रशासनिक, शैक्षिक तथा विकास निर्माण आदिमा सुगमता आएको महसुस गरियो । क्षेत्रीय स्तरमा सांस्कृतिक शैक्षिक कार्यक्रमको बिस्तार र विकासको

क्रममा स्थानीय पुरातात्विक महत्वका ऐतिहासिक वस्तुहरू नासिनबाट जोगाई तिनको उचित संरक्षण गरी शैक्षिक सांस्कृतिक लाभ लिन सकियोस् भन्ने उद्देश्यले पाँचवटै विकास क्षेत्रका क्षेत्रीय सदरमुकामहरूमा एकेक वटा क्षेत्रीय सङ्ग्रहालय खोल्ने नीति सरकारले लियो । खास गरी आ–आफ्नो क्षेत्रभित्र बसोवास गर्ने बिभिन्न वर्ण, जातजातिका जनजीवनसँग सम्बन्धित रहन सहन, भेषभूषा, चालचलन, रीतिरिवाज झल्कने विविध वस्तुहरू सङ्कलन, संरक्षण र प्रदर्शन गर्न स्थापना गरिएका क्षेत्रीय सङ्ग्रहालयहरूले निम्न लिखित कार्यहरू गर्ने उद्देश्य राखिएको छ ।

१. स्थानीय जनजीवनलाई दर्शाउने खालका सामग्रीहरू सङ्कलन गर्नु,
२. सङ्कलित बस्तुहरूको संरक्षण गरी बैज्ञानिक ढङ्गले प्रदर्शन गर्नु,
३. स्थानिय शैक्षिक संस्थाका विद्यार्थीहरूलाई सङ्ग्रहालयको परिचयात्मक जानकारी दिने व्यवस्था गर्नु,
४. स्थानीय जनजीवनका विविध पक्षबारे विचार गोष्टीहरूको परिचयात्मक जानकारी दिने व्यवस्था गर्नु,
५. सम्भव भए अन्य सङ्ग्रहालयहरूसँग मिली संयुक्त प्रदर्शनीको आयोजना गर्नु,
६. सङ्ग्रहालयको महत्त्व प्रवर्द्धन र विकासका लागि व्यापक जनसहभागिता जुटाउनु,
७. सङ्ग्रहालयको आयस्रोत बृद्धिका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्नु,
८. सेवा प्रभावकारी बनाउन तालिम प्राप्त र दक्ष प्रदर्शकको व्यवस्था गर्नु,
९. राष्ट्रिय सङ्ग्रहालयसँग समन्वय गरी सङ्ग्रहालय विकासका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्नु,
१०. सङ्ग्रहालयको सेवालाई सरल सुगम र प्रभावकारी बनाउन निरन्तर प्रयत्न गर्नु (खत्री, खरेल, २०५५) ।

उपर्युक्त कार्यहरू गर्ने गरी स्थापित क्षेत्रीय सङ्ग्रहालयहरूले सम्बन्धित क्षेत्रमा बसोबास गर्ने मुख्यतः राई, लिम्बु, शेर्पा, नेवार, तामाङ, गुरुङ, थारु, मगर, भोटे, राउटे, आदि जातिका मौलिक बिशेषताहरू जस्तै-खानपिन, वस्त्राभूषण, धार्मिक आस्था, सांस्कृतिक परम्परा, कलावस्तु, जीवनचर्या आदि देखाउने सामाग्रीहरूको सङ्ग्रह, संरक्षण र सर्वसाधारणका लागि प्रदर्शन गर्ने प्रयत्न गर्दछन् । यिनै क्षेत्रीय सङ्ग्रहालयहरू मध्य सुर्खेत वीरेन्द्रनगरमा स्थापित मध्य पश्चिम क्षेत्रीय सङ्ग्रहालयको सङ्क्षिप्त जानकारी गराउने उद्देश्य प्रस्तुत लेखको रहेको छ ।

## विधि र सामग्री

प्रस्तुत लेख मुख्यत २०६८ साल मङ्सिर पुस महिनामा गरिएको स्थलगत अवलोकन र सङ्ग्रहालयमा कार्यरत कर्मचारीहरूसँग गरिएको कुराकानी, छलफल र अन्तरक्रियाका आधारमा तयार गरिएको हो । साथै केही पुस्तक, लेख रचना र सङ्ग्रहालयबाट प्रकाशित सानो पुस्तिका पनि द्वितीय स्रोतको रूपमा प्रयोग गरिएको छ ।

## व्याख्या विश्लेषण

मध्यपश्चिम क्षेत्रीय सङ्ग्रहालय सबै विकास क्षेत्रमा एकेक क्षेत्रीय सङ्ग्रहालय स्थापना गर्ने सरकारको नीति अनुसार २०४६ सालमा क्षेत्रीय सदरमुकाम वीरेन्द्रनगरमा यो सङ्ग्रहालयको स्थापना भएको थियो । तर एक दशक पछि मात्र २०५७ साल श्रावन २ गते तत्कालिन पुनरावेदन अदालत सुर्खेतका मुख्य न्यायाधिश बलिराम कुमारबाट उद्घाटन भई सर्वसाधारणका लागि प्रदर्शनी सुरु गरिएको थियो । पर्याप्त भौतिक साधन दक्ष जनशक्ति तथा व्यवस्थापन र पूरातात्विक महत्त्वका आवश्यक सामग्री सङ्कलनको कमीले यो सङ्ग्रहालयले आफ्ना निर्दिष्ट उद्देश्यहरू परिपूर्ति गर्न निकै चुनौतीपूर्ण अवस्था देखिन्छ । हाल यस सङ्ग्रहालयमा निम्न लिखित भौतिक मानवीय तथा सङ्ग्रहित सामाग्रीहरू रहेको देखिन्छ ।

### अवस्थिति

यो सङ्ग्रहालय हरेक दृष्टिले उपयुक्त स्थानमा नै रहेको देखिन्छ । बसपार्कबाट छोटो बाटो पैदल जादा सुर्खेत खेल मैदान भएको चौर हुँदै करिब ६०० मी. जति पूर्वोत्तर हिड्दा सङ्ग्रहालयमा पुगिन्छ भने बसपार्कबाट पक्की सडक हुँदै जाँदा करिब ६०० मी. जति उत्तर हिड्दा घण्टाघर चोकमा पुगिन्छ अनि करिब ४०० मी. पूर्वतर्फ कालिनचोक सडकमा हिड्दा दायातर्फ सडक सँगै जोडिएर रहेको यो सङ्ग्रहालय आउँछ जसको समिपमा पश्चिम दक्षिणतिर जि.वि.स. सुर्खेत र वीरेन्द्रनगर नगरपालिकाका कार्यालयहरू रहेका छन् । यातायातको सुगमता र शान्त वातावरण हुनु ध्वनि प्रदुषण र मानवीय कोलाहल नहुनुले यो क्षेत्रीय सङ्ग्रहालयको अवस्थिति उपयुक्त मानिन्छ ।

जग्गा जमिन हाल यस सङ्ग्रहालयको नाममा एक बिघा भन्दा अलिकति बढी जग्गा जमिन रहेको छ जहाँ ७ कोठाको २

तले आफ्नै भवनमा सङ्ग्रहालय संचालन भएको छ भने उक्त भवन सँगै अर्को एक थप भवन हाल निर्माणाधिन अवस्थामा छ । सङ्ग्रहालयबाट प्राप्त जानकारी अनुसार उक्त जग्गा जमिन नगर विकास योजना सुर्खेतबाट निःशुल्क प्राप्त भै पुरातत्त्व विभागको नाममा रहेको छ भने सोको जग्गा धनी पूर्जा हालसम्म सङ्ग्रहालयमा प्राप्त हुन सकेको छैन ।

जनशक्ति व्यवस्था यस सङ्ग्रहालयमा हाल सम्म निम्न लिखित जम्मा नौ वटा मात्र कर्मचारी दरवन्दी कायम भएको देखिन्छ :

१. प्राविधिक रा.प.अन. प्रथम १ (कार्यालय प्रमुख)
२. प्रशासन रा. प. अन. प्रथम १
३. प्राविधिक रा. प. अन. द्वितीय ३
४. लेखापाल रा. प. अन. द्वितीय १
५. खरिदार रा. प. अन. द्वितीय १
६. कार्यालय सहयोगी १
७. कार्यालय चौकिदार १

यसरी स्वीकृत नौ दरबन्दी मध्ये एक जना कार्यालय गार्ड करार सेवामा बाहेक सबै कर्मचारीहरू स्थायी सेवामा रहेका देखिन्छन् ।

भवन दुई तला भएको सात कोठे भवन सङ्ग्रहालयको आफ्नै स्वामित्वमा रहेको छ । भवनको माथिल्लो तलामा रहेका तीनवटा कोठा कार्यालय प्रमुखको आवासको रूपमा प्रयोगमा छन् भने तल्लो तलामा रहेका चार कोठाहरू मध्य दुईवटा प्रदर्शनी कक्षको रूपमा छुट्याइएको छ । एउटामा कार्यालय रहेको छ भने अर्को स्टोर कक्षको रूपमा प्रयोग गरिएको छ । दुई तलाको दुई कोठा भएको निर्मानाधिन भवन सामग्री प्रदर्शन प्रयोजनका लागि निर्माण गर्न लागिएको जानकारी कार्यालयले गरायो ।

**कार्यालय सामग्री**

वैज्ञानिक उपकरणहरूः- टेलिभिजन, डिजिटल क्यामरा, फ्याक्स, ग्रासकटर मेसिन आदि

मेचः- संख्या ३८ (फोल्डिङ-३, काठको गद्दावाल ५, ल्यास्टिक ३०)

दराजः- ५

टेबुलः- ८

**प्रदर्शनी व्यवस्था**

सार्वजनिक बिदा बाहेकका दिनहरूमा बिहान १०.३० देखि दिउसो ४.३० सम्म प्रदर्शनी कक्षहरू सर्वसाधारणका लागि खुला राखिने व्यवस्था मिलाइएको छ ।दर्शकहरूका लागि निम्नानुसार प्रवेश शुल्क निर्धारण गरिएको पाइयो ।

१) विद्यार्थी रु.२।=
२) नेपाली दर्शक रु.५।=
३) सार्क राष्ट्रका दर्शक रु.१०।=
४) तेस्रोमुलुकका दर्शक रु.३०।=
५) भिडियो क्यामेरा (ने.द.) रु.५०।=
६) ,, ,, (सा.द.) रु.७५।=
७) ,, ,, (ते.मु.द.) रु.१००।=

प्रवेश मार्गको दायाँबायाँ दर्शकहरूमा अनुरोध भनेर निम्न लिखित केही निर्देशनहरू पनि उल्लेख गरिएका छन्-

१) प्रदर्शनीमा राखिएका कुनै पनि बस्तुलाई नछुनुहोला ।
२) फोटो खिच्दा क्यामराको Flash नदिनुहोला ।
३) ठूलो आवाज नगरिदिनुहोला ।
४) कुनै कुरा सोध्नु परेमा सङ्ग्रहालयको कर्मचारीसँग सम्पर्क राख्नुहोला ।

**प्रदर्शनी कक्ष र सामग्री**

सङ्ग्रहालय भवनको भुइतलामा जम्मा दुई वटा प्रदर्शनी कक्ष रहेका छन् । जहा हालसम्म सङ्कलन गरिएका मध्य पश्चिम क्षेत्र भित्रका विभिन्न जाति तथा जनजातिका जीवन शैलीसँग सम्वन्धित बिभिन्न सामाग्रीहरू सजाएर राखिएका छन् । जसमध्ये-प्रदर्शनी कक्ष एकमा बिभिन्न स्वदेशी तथा विदेशी राजाका मुद्राहरू, विभिन्न पुराना हात हतियारहरू जस्तै-तामा तथा छालाका ढाल, तरवार, खुकुरी, खड्ग, खुर्पा, हँसिया, खुर्पेटो, परम्परागत गाजाबाजाहरू जस्तै-पञ्चैबाजा, मादल, ढोलक, करनाल, खैजडी, मुर्चुङ्गा, एकतारे, चाप आदि राखिएका छन् । त्यस्तै विभिन्न जातिका भेषभूषा, गरगहना, भाँडाकुडा, नापतौलका सामाग्री, थारु, मगर र राउटे जातिका जीवनशैली झल्कने खालका विभिन्न मोडेलहरू पनि सङ्ग्रहालयमा प्रदर्शित सामाग्रीहरू हुन् ।

प्रदर्शनी कक्ष दुईमा भने धेरैजसो सामाग्रीहरू काँक्रेबिहारको पुरातात्त्विक स्थलबाट ल्याइएका विभिन्न मूर्ति तथा अन्य सामाग्रीहरूका भग्नावशेष नै हुन् । यी सामग्रीहरूका अलावा यस कक्षमा विभिन्न जातिहरूको परिचय झल्कने फोटो लगायतका अन्य सामग्रीहरू सजाइएका छन् । सङ्ग्रहालयको आफ्नै टेलिभिजनबाट सुर्खेत जिल्लाको चिनारी नामक एक छोटो वृत्तचित्र देखाउने पनि व्यवस्था रहेको देखियो । कतिपय सामग्रीहरू प्रदर्शनी स्थान अभावले स्टोर कक्षमै थन्क्याएर राखिएको समेत पाइयो ।

**सुरक्षा तथा सरसफाई व्यवस्था**

सङ्ग्रहालय सुरक्षाका लागि चर्चित जग्गामा पक्की पर्खालमाथि काँढेतार लगाई घेरिनुका साथै फलामे ढोकाको व्यवस्था गरिएको छ । प्रवेशलाई व्यवस्थित तथा अनुशासित बनाउन र रात्री समयमा सुरक्षा प्रदान गर्न एक जना द्वारपालेको व्यवस्था समेत भएको छ । त्यहाँ राखिएका सामग्री सुरक्षित राख्न तिनीहरूलाई बिग्रनबाट जोगाउन प्रकाशव्यवस्थामा राम्रो ध्यान दिइएको देखिन्छ । झ्यालबाट जाने प्रकाशलाई सोभै प्रदर्शनीमा राखिएका सामग्रीहरूमा पर्न नदिई बत्तीको व्यवस्था गरिएको छ। सङ्ग्रहित वस्तुहरूलाई सरसफाइ गर्न र आवश्यक औषधिको प्रयोगको लागि प्रत्येक दिन बिहान साँझ आधा आधा घण्टाका दरले दिनमा एक घण्टाको समय छुट्याइएको पाइयो । बिहान १०.३० देखि दिउसो ४.३० सम्म मात्र प्रदर्शनी कक्ष सर्व साधारणका लागि खुला रहने व्यवस्था यही सरसफाइ कार्यका लागि गरिएको रहेछ ।

**दर्शकको चाप**

सङ्ग्रहालयको महत्त्वबारे कम जानकारी, आवश्यक प्रचारप्रसारको अभाव, सङ्ग्रहित सामाग्रीहरूको अप्रयाप्तता जस्ता कारणहरूबाट व्यापक दर्शकहरू आर्कषण गर्न सङ्ग्रहालय त्यति सफल देखिदैन । मासिक सालाखाला एक सय जतिको हाराहारीमा मात्र दर्शकहरू अवलोकनका लागि आउने गरेको देखिन्छ। हाल सम्मको अभिलेख हेर्दा अधिकांश दर्शकहररु स्वदेशी र त्यसमा पनि विद्यार्थीहरूको संख्या नै अधिक हुने गरेको पाइयो । विदेशी दर्शकको संख्या प्रायःशुन्य नै देखिन्छ तर कहिले काही अपवादको रूपमा नभेटिने चाँही होइन । कार्यालयले दिएको जानकारी अनुसार उपत्यकाबासी दर्शक बाहेक आन्तरिक पर्यटकको रूपमा विशेष गरी पश्चिममा कन्चनपुर देखि पूर्वमा दाङसम्मका दर्शकहरूले अवलोकन गर्ने गरेको बुझियो ।

**आय व्यय व्यवस्था**

सरकारी अनुदानबाट प्राप्त रकम स्वीकृत दरवन्दीमा कार्यरत कर्मचारीहरूको तलब र सामान्य कार्यालय खर्च बाहेक अन्य शीर्षकहरूमा छुट्याइएको पाइँदैन । तलब भत्ताको लागि जे जति रकम प्राप्त हुन्छ सो सोही शीर्षकमा खर्च भई जाने हुनाले वचत रहने अवस्था छैन। टिकटबाट प्राप्त रकम राजस्वमा नै जम्मा हुने गर्दछ।

**भावी योजना**

कार्यालयले दिएको जानकारी अनुसार यस सङ्ग्रहालयमा एक जना क्षेत्रीय निर्देशक सहित ४५-५० जना जतिको कर्मचारी व्यवस्था गर्ने, थप भवन निर्माण गरी श्रव्य दृश्य प्रदर्शनी कक्ष, सभा समारोह हल जस्ता कुराहरूको व्यवस्था गर्ने योजना रहेको र त्यसका लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने प्रयास भैरहेको पाइयो । यदि सरकारले सकारात्मक दृष्टि राख्यो भने यसलाई वास्तविक सङ्ग्रहालय बनाउन सकिने दृढता कार्यरत सङ्ग्रहालय प्रमुख तेजेन्द्र बी.सी.ले राखेको पाइयो ।

**निष्कर्ष**

जुन लक्ष्य र उद्देश्यका साथ क्षेत्रीय सङ्ग्रहालयको स्थापना भएको थियो त्यसमा सङ्ग्रहालयले यथेष्ट सफलता हासिल गर्न नसकेता पनि मध्य पश्चिम क्षेत्रमा क्षेत्रीय सङ्ग्रहालयको जग स्थापित भएको छ । थोरै भए पनि यस क्षेत्र भित्रका शैक्षिक संस्थाहरूमा अध्यनरत विद्यार्थीहरू, जिज्ञासुहरू र सर्वसाधारणलाई सङ्ग्रहालयको आधारभूत जानकारी दिलाउन सकेको छ । यस क्षेत्र भित्रका विविध जातजाति, तिनीहरूका संस्कार संस्कृति, पुरातत्त्व र कलाकृतिसँग सम्बन्धित विभिन्न सामग्रीहरू खोज अनुसन्धान, सङ्कलन तथा प्रदर्शन गर्न धेरै बाँकी नै छ । तराई, भित्री तराई, पहाड र हिमालका भिन्न-भिन्न पत्रहरूमा विद्यमान भविष्यमा लोप हुन सक्ने अवस्थाका महत्वपूर्ण विषयवस्तुहरू तदारुकताका साथ सङ्कलन गरी सङ्ग्रह गर्ने काम अधुरै छ । यस क्षेत्रका अनेकौं विविधताहरूलाई एउटै भवन भित्र समेटेर समग्र क्षेत्रको परिचय गराउन सकियो भने मात्र यस सङ्ग्रहालयको सार्थकता प्रष्ट हुनेछ । यसका लागि सङ्ग्रहालयको एकल प्रयास मात्र पर्याप्त हुँदैन । यस क्षेत्रका राजनीति कर्मीहरू, प्रशासनिक व्यक्तित्वहरू, बुद्धिजीविहरू, संस्कृतिविदहरू तथा आम नागरिकको निरन्तर सहयोग र सदभाव आवश्यक रहन्छ । जसको समन्वय गर्ने काम सरकारी पक्षबाट हुनु जरुरी छ । सरकारले क्षेत्रीय सङ्ग्रहालय विकासका लागि आवश्यक पर्ने आर्थिक सहयोगका साथै अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रयत्न गर्नु पर्दछ । यसलाई यस क्षेत्रको ऐतिहासिक तथा पुरातात्विक बिषय वस्तुको अध्ययन अनुसन्धान केन्द्रको रूपमा विकसित गर्न यथेष्ट स्रोतहरू जुटाउन

र त्यसको उचित व्यवस्थापन र परिचालन गर्न सक्नु पर्दछ । क्षेत्रीय सङ्ग्रहालयको अवधारणामा उल्लेखित लक्ष्य र उद्देश्य हासिल गर्न साँचो अर्थमा कार्यान्वयन प्रक्रियालाई अघि बढाउन सकियो भने यस सङ्ग्रहालयको भविष्य सुन्दर र आस लाग्दो देखिन्छ ।

***लेखक परिचय***
*लेखक श्री बेन्जु श्रेष्ठ सुर्खेत क्याम्पस (शिक्षा) मा संस्कृति (सामाजिक) विषयको शिक्षण सहायक हुनुहुन्छ । उहाँ बौद्ध विश्वविद्यालय परिषद्को सभासद् समेत हुनुहुन्छ ।*

**सन्दर्भ सूचि**

कार्की, गोबिन्दमान सिंह (२०६४) *सांस्कृतिक पर्यटन,* काठमाण्डौः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

खत्री, प्रेम, दाहाल, पेशल (२०४८) *नेपालको कला र पुरातत्व,* काठमाण्डौः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

खत्री, प्रेमकुमार, खरेल, गंगा (२०५५) *नेपालको पुरातत्व, कला र पर्यटन,* काठमाण्डौः साझा प्रकाशन ।

खतिवडा, सोमप्रसाद (२०६४) *नेपालको पुरातत्व, कला, वास्तुकला र पर्यटन परिचय,* काठमाण्डौः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

गिरी, गितु (२०६०) *नेपालको पुरातत्व, कला, पर्यटन र सङ्ग्रहालय,* काठमाण्डौः बिद्यार्थी पुस्तक भण्डार ।

दाहाल, पेशल, खतिवडा, सोम प्रसाद (२०६५) *पुरातत्वको परिचय,* काठमाण्डौः एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

पुरी, उद्धव (२०६३) *पर्यटन र विकास,* काठमाण्डौः तलेजु प्रकाशन ।

श्रेष्ठ, देवेन्द्रमान, (२०६२) *पाटन सङ्ग्रहालय एवं त्यहाँ सङ्ग्रहित कला वस्तुहरू,* (अप्रकाशित शोध पत्र) काठमाडौं, नेपाली इतिहास, संस्कृति र पुरातत्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।